धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७५ ◆ २०८३ असोज १५ बिहीबार ◆ Thursday, September 31, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## भुटानविरुद्धको खेलमा गण्डकीको दोस्रो जित

❑ *प्रत्यूष समाचारदाता*

कास्की । घरेलु टोली गण्डकी प्रदेशले नेपाल भ्रमणमा रहेको भुटानको राष्ट्रिय क्रिकेट टोलीलाई अभ्यास खेलमा लगातार दोस्रो पटक पराजित गरेको छ ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा बुधबार भएको खेलमा गण्डकी प्रदेशले भुटानलाई ६४ रनले पराजित गरेको हो । यसअघि मङ्गलबार सम्पन्न खेलमा समेत गण्डकी प्रदेशले भुटानलाई पराजित गरेको थियो ।

बुधबारको खेलमा टस जितेर भुटानले पहिला बलिङ रोजेपछि गण्डकी प्रदेशले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ९६ बनायो । जितका लागि एक सय ९७ रनको लक्ष्य पछ्याएको भुटानी टोलीले १७ ओभरको चौथो बलमा सबै विकेट गुमाएर एक सय ३२ रन बनायो ।

गण्डकी प्रदेशका लागि करन पगेनीले २७ बलमा एक चौका र पाँच छक्का हान्दै ४५ रन बनाए । यस्तै सिब्रिन श्रेष्ठले २४ बलमा एक चौका र पाँच छक्का प्रहार गर्दै ४५ रनको योगदान दिए । सन्दीप खत्री क्षेत्रीले नौ बलमा अविजित ३० रन बनाए । यस्तै मुस्कान थापामगरले २१ तथा रोहित चन्दले २० रन बनाए ।

बलिङतर्फ भुटानका थिन्ले जम्त्सोले चार, सोनाम येशेले दुई तथा नाम्गे थिन्लेले एक विकेट लिए ।

यसैगरी भुटानका लागि एक सय ३२ रन बनाउने क्रममा सोनाम छोपेलले सर्वाधिक ४३ रन बनाए । उनले २१ बलमा छ चौका र दुई छक्का प्रहार गरे । यस्तै ताशी दोर्जीले ३१, तेन्जिन राब्गेले २१ र थिन्ले जम्त्सोले १७ रन बनाए ।

बलिङतर्फ गण्डकीका विपिन खत्रीले चार, दीपकप्रसाद डुम्रेले तीन र सिब्रिन श्रेष्ठले दुई विकेट लिए । उक्त खेलमा गण्डकीका सिब्रिन श्रेष्ठ 'प्लेयर अफ दी म्याच' घोषित भए ।

भुटानले अब नेपाल क्रिकेट सङ्घ (क्यान-११) सँग दुई खेल खेल्ने छ । भुटानको टोली आगामी अक्टोबरमा मलेसियामा हुने आइसीसी पुरुष टी-२० विश्वकपको एसिया उपक्षेत्रीय छनोट प्रतियोगिताको तयारी गर्न नेपाल आएको हो । विदेशी टोली पोखरामा क्रिकेट खेल्न आएसँगै यहाँको क्रिकेट विकासका साथै पोखरालाई अन्तर्राष्ट्रिय खेलकुद गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जय कान्त सिग्देलले बताउनुभयो ।

## हिमलुङ हिमपहिरोमा थप तीन जनाको शव

मनाङ । मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिमलुङ हिमालमा गएको हिमपहिरोमा हराइरहेकामध्ये बुधबार थप तीन जनाको शव भेटिएको छ ।

त्यहाँ तीन जनाको शव भेटिएसँगै यही असोज ११ गते गएको हिमपहिरोमा परी ज्यान गुमाउने आरोहीको सङ्ख्या सात पुगेको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार गोर्खाको धार्चे गाउँपालिका-२ करौँजाका ५८ वर्षीय आश गुरुङ, खोटाङको ऐँसेलु खर्क गाउँपालिका-३ का सुरज राई र रुकुमको हुकामका ५७ वर्षीय कमल बुढाको शव भेटिएको हो ।

घटनास्थलमा अन्तरराष्ट्रिय माउन्टेन गाइड (आइएफएमजीए) का पासाङ काजी शेर्पा र विक्रम कार्कीको नेतृत्वमा पाँच जना अनुभवी क्लाइम्बिङ गाइडको विशेष टोली उद्धारमा खटिएको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो । सोही टोलीले हिउँ पन्छाएर उनीहरुको शव निकालेको उहाँले बताउनुभयो । यसअघि आइतबार र सोमबार खोजी गर्ने क्रममा वीरेन्द्र गुरुङ, घनश्याम राई, छेवी भोटे र पासाङ भोटेको शव भेटिएको थियो ।

## कोषमा १६ अर्ब १५ करोडभन्दा बढी जम्मा

काठमाडौँ । रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार सो कोषमा मौज्दात रकम रु १६ अर्ब १५ करोड ५५ लाख ३३ हजार ४६८ पुगेको छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा मैज्दात रु १२ अर्ब ५ लाख ९९ हजार ७२९ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा २ करोड ७१ लाख ६ हजार ८२२ अमेरिकी डलर पुगेको छ ।

# छ महिने सुत्केरी बिदा प्रस्ताव स्वागतयोग्य

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सरकारले हाल कार्यान्वयनमा रहेको प्रसूति बिदा ९८ दिनबाट बढाएर छ महिना पुऱ्याउने प्रस्ताव अघि बढाएको छ । आमालाई प्रसूतिपछि पर्याप्त समय आराम गर्न, नवजात शिशुको स्याहार गर्न र छ महिनासम्म पूर्ण स्तनपान गराउन सहज हुने भन्दै प्रस्तावित व्यवस्थालाई स्वास्थ्य क्षेत्रका विज्ञले आवश्यक र महत्वपूर्ण बताएका छन् ।

'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' लाई संशोधन गर्दै सुत्केरी बिदा छ महिना बनाउने प्रस्ताव गरिएको हो । 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३ को मस्यौदामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत महिलालाई सुत्केरी हुनुअघि र पछि गरी छ महिनासम्म तलब सहितको सुत्केरी बिदा दिने व्यवस्था प्रस्ताव गरिएको छ । त्यस्तै, पत्नी सुत्केरी हुँदा पुरुष कर्मचारी लाई ४२ दिनसम्म तलबसहितको प्रसूति स्याहार बिदा दिने प्रस्ताव गरिएको छ । प्रस्तावित संशोधनको उद्देश्य आमा तथा नवजात शिशुको स्वास्थ्य संरक्षण, स्तनपान प्रवर्द्धन र प्रसूतिपश्चात् आमालाई पर्याप्त आराम तथा हेरचाहको अवसर उपलब्ध गराउने रहेको छ ।

प्रतिनिधिसभामा 'यो विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव' सोमबार स्वीकृत भइसकेको छ । प्रस्ताव पेस गर्ने क्रममा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले मातृत्वमा गरिएको लगानी राज्यको भविष्यमाथिको लगानी गरिएको बुझ्नुपर्ने बताउनुभयो । छ महिने सुत्केरी बिदालाई सुविधा वा बिदाका रूपमा मात्र नहेरी मातृत्वको सम्मान, आमा तथा नवजात शिशुको स्वास्थ्य, पोषण र दीर्घकालीन मानव पुँजी निर्माणसँग जोडेर हेर्नुपर्ने उहाँको भनाइ छ ।

परिवार कल्याण महाशाखा अन्तर्गत मातृ तथा नवजात शिशु शाखा प्रमुख डा गौरी प्रधान श्रेष्ठले छ महिनाको सुत्केरी बिदा आमा र नवजात शिशुको स्वास्थ्यका लागि आवश्यक रहेको बताउनुभयो । विकसित देशमा बालबालिकाको स्याहारका लागि लामो बिदा दिने अभ्यास रहेको उल्लेख गर्दै उहाँले कतिपय देशमा दुई वर्षसम्म पनि बिदा दिने गरिएको उदाहरण दिनुभयो । उहाँका अनुसार नवजात शिशुका लागि आमाको दूध अत्यन्त महत्वपूर्ण हुने भएकाले कम्तीमा छ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्छ ।

"आमाको दूधले नवजात शिशुको मृत्यु तथा विभिन्न रोगबाट बचाउन सहयोग गर्नुका साथै रोगसँग लड्न सक्ने क्षमता विकास गर्छ," प्रमुख श्रेष्ठले भन्नुभयो, "पहिलो खोप नै आमाको दूध हो ।"

तथ्याङ्कले पनि शिशुले स्तनपान पाउने सङ्ख्यामा कमी आएको देखाउँछ । नेपाल बहुसूचक सर्वेक्षण सन् २०२४-२५ अनुसार छ महिनाभन्दा कम उमेरका शिशुमध्ये १० मध्ये सात शिशुले मात्र पूर्ण स्तनपान पाएका छन् । यस्तै १० मध्ये चारभन्दा कम शिशुले मात्र जन्मिएको एक घण्टाभित्र स्तनपान सुरु गरेका छन् । छ महिनाको सुत्केरी बिदाले आमालाई प्रसूतिपछि शारीरिक रूपमा तङ्गिन र सामान्य अवस्थामा फर्किन समय उपलब्ध गराउने उहाँको भनाइ छ । कामकाजी महिलाको सङ्ख्या बढ्दै गए पनि सबै कार्यस्थलमा स्तनपान कक्षको पर्याप्त व्यवस्था छैन ।

"कतिपय कार्यालयमा शिशु राख्ने ठाउँ भए पनि सहज रूपमा स्तनपान गराउन नपाउने अवस्था पनि छ," उहाँले भन्नुभयो । परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले पनि छ महिनाको सुत्केरी बिदा दिने व्यवस्था सकारात्मक र स्वागतयोग्य भएको बताउनुहुन्छ । उहाँले यस्तो व्यवस्थाले महिला तथा नवजात शिशुको स्वास्थ्यमा राम्रो प्रभाव पार्ने बताउनुभयो । मातृ तथा नवजात शिशु शाखा प्रमुख डा श्रेष्ठले पनि छ महिनाको सुत्केरी बिदा कार्यान्वयन गर्दा सुरुआती चरणमा केही अप्ठ्यारो हुन सक्ने बताउनु भयो । "तर, यसलाई भविष्यको पुस्ताका लागि लगानीका रूपमा लिनुपर्छ । विभिन्न विकसित राष्ट्रले अपनाएका अभ्यासबाट पनि सिक्न सकिन्छ," उहाँले भन्नुभयो ।

## सानातिना मतभेद बिर्सेर स्थानीय तहको निर्वाचन तयारीमा लाग्नुपर्ने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रका सानातिना मतभेदलाई व्यवस्थापन गर्दै आगामी स्थानीय तहको निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभएको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रदेश तथा जिल्ला कमिटीका सचिवालय सदस्यसँग बुधबार (हिजो) भएको भर्चुअल सम्बोधनमा उहाँले आन्तरिक एकता थप सुदृढ बनाउँदै आगामी निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभयो । अध्यक्ष ओलीले पार्टीभित्र एकअर्काका सामान्य असहमति र आलोचनालाई सहज रूपमा लिनुपर्ने बताउनुभयो । "शत्रुका लात सहने, तर आफ्ना साथीका बात नसहने काम अब बन्द गरौँ । सानातिना असमझदारी छाडेर साझा सङ्कल्पका साथ एमाले एकजुट भई अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो ।

उहाँले एमालेभित्र कुनै समस्या नरहेको दाबी गर्नुभन्दा सङ्गठनलाई थप व्यवस्थित र सक्रिय बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । विरोधीहरूले एमाले विभाजित हुने अपेक्षा गरे पनि पार्टी विचार र सङ्गठनका हिसाबले एकढिक्का रहेको उहाँको भनाइ थियो । अध्यक्ष ओलीले वर्तमान राजनीतिक परिस्थितिमा पार्टीले लोकतान्त्रिक अधिकारको रक्षा र आगामी निर्वाचनको तयारीलाई प्राथमिकतामा राख्नुपर्ने बताउनु भयो ।

सो क्रममा उहाँले आगामी निर्वाचनमा केन्द्रित भएर सङ्गठन परिचालन गर्न कार्यकर्तालाई आग्रह गर्नुभयो । एक निर्वाचनको परिणामबाट निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उहाँले भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको उदाहरणसमेत प्रस्तुत गर्नुभयो । "हामी एउटा मोर्चामा हारेका मात्र हौँ । सत्य हाम्रै पक्षमा छ, त्यसैले आत्मविश्वासका साथ अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो । अध्यक्ष ओलीले पार्टी विरुद्ध भ्रम फैलाउने प्रयास भइरहेको उल्लेख गर्दै सूचना प्रविधिको माध्यमबाट हुने राजनीतिक प्रचारमा पार्टीले पनि प्रभावकारी उपस्थिति देखाउनुपर्ने बताउनुभयो । पार्टीले गरेका काम र उपलब्धिलाई जनतासम्म सही ढङ्गले पुर्याउन नेता-कार्यकर्ताले भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो । उहाँले कार्यकर्तालाई आ-आफ्नो कार्यक्षेत्रमा सक्रिय भएर सङ्गठन निर्माण, जनसम्बन्ध विस्तार र अनुशासनमा ध्यान दिन निर्देशन दिनुभयो ।

## साहित्यमा नेपाली महिला अनुवादकको उपस्थिति बढाउनुपर्नेमा जोड

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । साहित्य क्षेत्रमा नेपाली महिला अनुवादकको उपस्थिति अझ बढाउनुपर्नेमा सहभागीहरुले जोड दिएका छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठान, अनुवाद साहित्य विभाग र अनुवादक समाज नेपालको सहकार्यमा अन्तरराष्ट्रिय अनुवाद दिवसका अवसरमा बुधबार आयोजित 'अनुवाद साहित्यमा नेपाली महिला अनुवादकको उपस्थिति' विषयक विचार-गोष्ठीमा सहभागीहरुले नेपाली साहित्यको अनुवाद क्षेत्रमा महिलाको सहभागिता विस्तार गर्नुपर्नेमा जोड दिएका हुन् । कार्यक्रममा करुणा नेपालले प्रस्तुत गर्नुभएको 'अनुवाद साहित्यमा नेपाली महिला अनुवादकको उपस्थिति' विषयक कार्यपत्रमाथि छलफल गर्दै सहभागीहरुले महिला अनुवादकलाई थप प्रोत्साहन र अवसर प्रदान गर्नुपर्ने धारणा राख्नुभयो ।

उक्त कार्यपत्रमाथि पूरक व्याख्या गर्दै डा बलराम अधिकारीले नेपाली महिला अनुवादकको उपस्थिति अनुवाद साहित्यमा अनिवार्य रुपमा बढाउनुपर्ने सने क्रममा बताउनुभयो । उहाँले महिला अनुवादकका सिर्जना, क्षमता र योगदानलाई साहित्यिक क्षेत्रमा थप स्थापित गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका सभाध्यक्ष एवं प्राज्ञ तीर्थ गुरुङले पनि नेपाली अनुवाद साहित्यमा महिला अनुवादकको सहभागिता बढाउन आवश्यक रहेको बताउनुभयो । अनुवादक समाज नेपालका महासचिव डा ऋषिराम अधिकारीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति कुमार नगरकोटीले ब्यानर पाठ गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति कुमार नगरकोटी, उपकुलपति अविनाश श्रेष्ठ, अनुवाद, मौखिक इतिहास तथा अन्तरराष्ट्रिय सम्बन्ध विभागका प्रमुख एवं प्राज्ञ परिषद् सदस्य तीर्थ गुरुङ, डा रोशन शेरचन, डा बलराम अधिकारी लगायत साहित्य तथा अनुवाद क्षेत्रका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

## सम्पादकीय ....

### सन्दर्भ : बाढीको क्षतिको

भोटेकोशी बाढीले पुर्‍याएको क्षतिको सरकारी प्रारम्भिक अनुमानले विपद्‌को भयावह आर्थिक प्रभाव देखाएको छ । सरकारले सार्वजनिक गरेको तथ्यांक अनुसार बाढीबाट ४ खर्ब ८ अर्ब रुपैयाँ बराबरको क्षति भएको छ। त्यसमा २ खर्ब ७४ अर्ब रुपैयाँ प्रत्यक्ष भौतिक क्षति हो भने थप १ खर्ब ३३ अर्ब रुपैयाँ बराबरको नोक्सानी पुगेको छ। रसुवा, नुवाकोट, धादिडसहित पाँच जिल्लाका १५ स्थानीय तह यो बाढीबाट प्रभावित भएका छन्।

सबैभन्दा बढी प्रभावित पालिका नुवाकोटको विदुर नगरपालिका हो, जहाँ ३ हजार ४३१ घरपरिवार प्रभावित भएका छन्। यो कुल प्रभावित घरपरिवारको ४१ प्रतिशत हो। त्यसपछि रसुवाको गोसाइँकुण्डमा १ हजार १५६, धादिडको बेनिघाट रोराङमा १ हजार १४६ र नुवाकोटको किस्पाङमा ७२१ घरपरिवार प्रभावित भएका छन्। बाढीले निजी आवास, ऊर्जा र सडक क्षेत्रमा सबैभन्दा ठूलो क्षति भएको छ। १८ वटा विद्यालय भवन, ७ स्वास्थ्य संस्था र ३० सम्पदा स्थल क्षतिग्रस्त भएका छन्। पूर्वाधार क्षेत्रमा ७५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना प्रभावित भएका छन्। ६९ किलोमिटर सडक क्षतिग्रस्त भएको छ भने ३७ मोटरेबल पुलमध्ये ३३ वटा बगेका छन्। ६८ झोलुङ्गे पुल पनि क्षतिग्रस्त भएका छन्। उत्पादनशील क्षेत्रमा पनि ठूलो नोक्सानी भएको छ। १ हजार ८०६ हेक्टर बालीक्षेत्र प्रभावित भएको छ भने ४ हजार ८०० व्यावसायिक प्रतिष्ठानमा क्षति पुगेको छ । सिञ्चित कृषि क्षेत्रमा ६९७ हेक्टर जमिन नोक्सानी भएको छ।

५० सालको बाढी र पहिरोले दामन, पालुङ आजको सिङ्गो थाहानगरको कृषि इतिहास नै सधैँका लागि बदलिदियो। बाढीले पानीको मुहान र कुलोहरू यसरी भत्काइदियो कि त्यसपछि यहाँ परम्परागत धान खेती गर्ने चलन नै बिस्तारै हराएर गयो । खेतहरू बगर बनेपछि सबैलाई अन्न किनेरै खानु पर्ने बाध्यता आइलाग्यो । अहिले पनि तरकारी बेच्ने चामल किनेर खाने, पराल किनेर पशुलाई खुवाउने गरिन्छ। अहिले थाहानगर हरियो तरकारीको हब बनेर आधुनिकतातर्फ लम्किरहेको छ।

बाढीले घर, खेत र ज्यान मात्र लिएन। यसले एउटा पुस्ताको जीवनशैली, खेतीपातीको संस्कृति र गाउँको स्वरूप नै बदलिदियो । जहाँ पहिले धानका बाला झुल्थे, अहिले तरकारीका बारी छन् । समाजको भरोसाले धेरै परिवार पुनःस्थापित भए। प्रहरी र सेनाको सहयोगले उद्धार सम्भव भयो। तर पूर्वसूचना, जलाधार व्यवस्थापन र दीर्घकालीन तयारीको अभावले क्षति ठूलो भयो।

हाल रसुवाको भोटेकोशीमा बाढी आएको तीन हप्ता भयो। उद्धार र राहतको काम जारी छ। बाढीमा परेर मृत्यु भएकाको यकित तथ्यांक आएको छैन। बेपत्ताको बारेमा त सरकारी तथ्यांक गञ्जागोल छ । सरकारले बाढीमा परेर अहिलेसम्म करिब १ हजार ४०० जनाको मृत्यु भएको जनाएको छ। ५ हजारभन्दा धेरै बेपत्ता भएको सरकारले जनाएको छ। सरकारले अहिले सार्वजनिक गरिरहेको भन्दा निकै बढी मानवीय क्षति भएको अनुमान गरिएको छ । रसुवाका सांसद मोहन आचार्य जिल्लामा 'जुठो' नपरेको कुनै घर नभएको बताउँछन्।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com


# ऊर्जा संरचना पुनर्निर्माणमा तीन खर्ब ९० अर्ब लाग्ने प्रारम्भिक अनुमान

प्रगति ढकाल

भोटेकोशी र त्रिशूली बाढीबाट क्षतिभएका जलविद्युत् आयोजना पुनःनिर्माणमा करिब रु तनि खर्ब ९० अर्बसम्म खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार, जलवायु परिवर्तनका कारण पछिल्लो समय नेपालमा मौसमी तथा जलवायुजन्य विपद्का घटना वृद्धि भई त्यसको ठूलो प्रभाव ऊर्जा र जलस्रोत क्षेत्रमा परेको छ। जलवायुजन्य विपद्बाट ऊर्जा क्षेत्रमा ठूलो असर परेको जनाउँदै मन्त्रालयले त्यसप्रति चिन्तासमेत व्यक्त गरेको छ।

मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले प्रारम्भिक अनुमानमा बाढीबाट प्रभावित ऊर्जा संरचनाको लगानी मूल्य करिब रु एक खर्ब २४ अर्ब रहेको भए पनि पुनर्निर्माणका क्रममा संरचनागत परिवर्तन, मूल्यवृद्धि तथा नदीको सतह बढेकाले करिब रु तीन तीन खर्ब ९० अर्बसम्म खर्च लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो।

"भोटेकोशी-त्रिशूली बाढी बाट ऊर्जा क्षेत्रमा ठूलो क्षति पुगेको छ। बाढीका कारण करिब ४३० मेगावाट विद्युत् उत्पादन क्षमताका आयोजना सेवाबाट बाहिरिएका छन्", उहाँले भन्नुभयो, "नेपालको हालको जडित विद्युत् क्षमता करिब तीन हजार ३०० मेगावाट छ। बाढीबाट बाहिरिएको विद्युत् क्षमता कुल जडित क्षमताको करिब १० प्रतिशत छ।"

निर्माणाधीनमध्ये ७५९ मेगावाट क्षमताका आयोजना समेत प्रभावित भएको उहाँले जानकारी दिनुभयो । चिलिमे केन्द्र तथा त्रिशूलीमा रहेको '३ बी' केन्द्र स्टेसन पूर्ण रूपमा बाढीले बगाउँदा विद्युत् प्रसारणमा समस्या भएको सह सचिव आचार्यको भनाइ छ। "प्लान्टमा क्षति नपुगे पनि 'हब' स्टेसन नै बगेका कारण उत्पादन भएको करिब १७६ मेगावाट विद्युत् अहिले स्थानान्तरण गर्न सकिएको छैन", उहाँले भन्नुभयो।

सहसचिव आचार्यले गत भदौ १० गते भोटेकोशी-त्रिशूली बाढीलाई पछिल्लो समय नेपालले सामना गरेको ठूलो ऐतिहासिक विपद्का रूपमा उल्लेख गर्नुभयो। त्यस्तै, सन् २०२४ मा सोलुखुम्बुको थामेमा हिमताल पग्लिएर भएको बाढी तथा सन् २०२५ मा भोटेकोशी क्षेत्रको बाढीलेसमेत ठूलो क्षति पुर्‍याएको उहाँले स्मरण गराउनुभयो।

"पछिल्ला पाँच-सात वर्षमा हरेक वर्षजसो प्रकृतिसँग जोडिएका ठूला र धेरै घटना भइरहेका छन्", उहाँले भन्नुभयो, "तापक्रम बढेका कारण जमेर बसेका हिउँको अवस्था अस्थिर हुने र वर्षौंदेखि जम्मा भएका हिमनदी तथा हिमसम्बन्धी संरचनामा असर पर्दा त्यसबाट तल्लो तटीय क्षेत्रमा शृङ्खलाबद्ध विपद् निम्तिने जोखिम बढेको छ।"

नेपालमा जोखिमयुक्त २१ वटा, चीनको तिब्बतीय क्षेत्रमा २५ वटा र भारतमा एउटा गरी ४७ वटा हिमताल छन्। तीमध्ये केही नेपालका नदी प्रणालीमा असर पार्ने डाउनस्ट्रिम क्षेत्रमा रहेकाले तिनबाट हुने सम्भावित क्षतिको जोखिम नेपालले समेत व्यहोर्नुपर्ने उहाँको भनाइ छ। बाढीका कारण सिँचाइतर्फ पनि ठूलो क्षति पुगेको छ। विभिन्न जिल्लामा कुलो तथा सिँचाइ संरचनासहित करिब रु डेढ अर्बभन्दा बढीको क्षति भएको मन्त्रालयको प्रारम्भिक अनुमान छ। सहसचिव आचार्यका अनुसार जलवायु परिवर्तनका कारण नेपालका पहाड, तराई तथा मधेसलगायत सबै क्षेत्रमा फरक-फरक किसिमका असर देखिन थालेका छन्। कतै अतिवृष्टि र बाढीपहिरो, कतै खडेरी तथा तापक्रम वृद्धिका कारण कृषि क्षेत्रमा असर र रोग कीरा बढ्ने समस्या देखिएको छ। विभिन्न अध्ययनले नेपालको ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या जलवायु परिवर्तनबाट प्रभावित रहेको देखाएको छ। उहाँले भन्नुभयो, "पछिल्लो समय असोजमा अत्यधिक वर्षा हुनेक्रम बढेको छ, केही वर्षयता मनसुनको अन्तिम चरणमा अत्यधिक वर्षा हुने प्रवृत्ति देखिएकोछ।"

उहाँका अनुसार यही असोज ८ देखि ११ गतेसम्म परेको वर्षाका कारण मात्रै २७ जनाको मृत्यु भएको र एक हजार ८२ जना घाइते भएका थिए। सहसचिव आचार्यले उक्त अवधिमा ३०४ वटा पहिरो र ८७ वटा बाढीका घटना भएको जानकारी दिँदै यस्ता घटना जलवायु परिवर्तनसँग जोडिएको बताउनुभयो। उहाँले भन्नुभयो, "सामान्य अवधिको तुलनामा सेप्टेम्बरमा बाढी र वर्षाको प्याटर्न नै परिवर्तन भइरहेको जस्तो देखिन्छ।"

जलवायुका कारण ऊर्जा लक्ष्यमा चुनौती

सह सचिव आचार्यले राष्ट्रिय निर्धारित योगदान (एनडिसी)-३ अन्तर्गत सन् २०३० सम्म १४ हजार मेगावाट र सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन क्षमता पुर्‍याउने लक्ष्य रहेको जानकारी दिनुभयो। उहाँले भोटेकोशी-त्रिशूली बाढीका कारण केही उत्पादन क्षमता सेवाबाट बाहिरिएको बताउनुभयो। निर्माणाधीन तथा तयारी अवस्थाका आयोजनाको ठूलो सङ्ख्या रहेको उल्लेख गर्दै सहसचिव आचार्यले विद्युत् उत्पादन बढ्दै गए पनि आन्तरिक खपत विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। "उत्पादन बढिरहेको छ तर आन्तरिक खपत बढाउनुपर्ने आवश्यकता छ", सहसचिव आचार्यले भन्नुभयो, "आन्तरिक बजार विस्तार गर्नसके अर्थतन्त्र विस्तारका लागि अवसर सिर्जना हुन्छ।" उहाँका अनुसार वर्षायाममा नेपालमा विद्युत् उत्पादन उच्च हुने भए पनि हिउँदमा नदीमा पानीको बहाव घट्दा जडित क्षमताको करिब २५ देखि ३३ प्रतिशत मात्र उत्पादन हुन्छ । त्यसबाट हामीलाई जलाशययुक्त आयोजना आवश्यक रहेको देखाउँछ। सौर्य ऊर्जाको प्रयोग पनि विस्तारै दीर्घकालीन रुपमा सञ्चालन गर्दै मर्मत तथा प्रतिस्थापनको विषयमा ध्यान पुर्‍याउनपर्छ।

उहाँले भन्नुभयो, "हाम्रो आफ्नै राष्ट्रिय प्रसारण प्रणाली देशभर विस्तार भइसकेको छ। त्यसैले स्वच्छ ऊर्जाको प्रयोग बढाउँदै आन्तरिक विद्युत् बजार विस्तार गर्नुपर्छ।" जलवायु योजनाको कार्यान्वयनमा वित्तीय चुनौती

जलवायु परिवर्तनसँग सम्बन्धित योजना तथा लक्ष्य कार्यान्वयनमा मुख्य चुनौती वित्तीय स्रोतको छ। सहसचिव आचार्यका अनुसार नेपालले तेस्रो राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी-३)लगायतका योजनामा ठूलो रकम आवश्यक पर्ने भए पनि अधिकांश वित्तीय आवश्यकता सशर्त सहयोग मा निर्भर छ। "योजना राम्रो बनेका छन्, आवश्यकता पहिचान भएका छन् । तर वित्तीय स्रोतको सुनिश्चितता नभएसम्म ती योजना कार्यान्वयन गर्न कठिन हुन्छ", सहसचिव आचार्यले भन्नुभयो। उहाँले ऊर्जा तथा जलस्रोत क्षेत्रमा पनि जलवायु परिवर्तनसँग जुध्न आवश्यक कार्यक्रम कार्यान्वयन का लागि पर्याप्त वित्तीय स्रोत सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो। नेपालमा विद्युत् उत्पादन तथा आयोजना निर्माणका लागि ठूलो सम्भावना छ। अध्ययन पूरा गरी वित्तीय व्यवस्थापनको तयारीमा रहेका आयोजनाको क्षमता पनि ठूलो रहेको मन्त्रालयको भनाइ छ।

आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीमा हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रको ३१औँ सम्मेलनमा जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेका विपद्, ऊर्जा तथा जलस्रोत क्षेत्रमा परेको प्रभाव र जलवायु वित्तको आवश्यकता लाई प्रभावकारी रूपमा उठाइने मन्त्रालयको भनाइ छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नायब कार्यकारी निर्देशक नारायण अधिकारीले जलवायुजन्य विपद्का कारण दुर्गम क्षेत्रमा निर्माण भएका लघु तथा साना जलविद्युत् आयोजनाको संरचनामा क्षति पुग्ने गरेको बताउनुभयो। हुम्ला, डोल्पा तथा गोरखाको चुमनुब्रीलगायत क्षेत्रबाट विद्युत् संरचना मर्मत तथा पुनः स्थापनाका लागि माग आइ रहेको भए पनि आवश्यक बजेटको अभाव रहेको उहाँले बताउनुभयो। "प्राविधिक हिसाबले हामी सक्छौं, तर बजेट छैन", उहाँले भन्नुभयो, "बजेटको व्यवस्था भए ती क्षेत्रमा तत्कालै प्रक्रिया सुरु गरी विद्युतीकरण लाई सञ्चालन गर्न सकिन्छ।"

## रोग नियन्त्रण केन्द्रको भूमिका महत्वपूर्ण

काठमाडौं। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले प्रस्तावित रोग नियन्त्रण केन्द्र (सिडिसी), खाद्य तथा औषधि प्रशासन (एफडिए) र राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण (एनएचएए)ले रोग नियन्त्रण, औषधि तथा खाद्य नियमन र स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। उहाँले यी तीनवटै संरचना निर्माण गर्दा विद्यमान संस्थाको विशेषज्ञता, जनशक्ति र अनुभवलाई संरक्षण गर्नुपर्ने बताउनुभयो। बुधबार आयोजित सिडिसी, एफडिए तथा एनएचएए स्थापना सम्बन्धी कार्यशाला गोष्ठीमा मन्त्री मेहताले औषधि तथा खाद्य नियमनमा रहेको दोहोरोपन र जिम्मेवारीको अस्पष्टता हटाउँदै औषधि, खोप, स्वास्थ्य उपकरण, रोग परीक्षण सामग्री लगायतको नियमन लाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो। एनएचएएले स्वास्थ्य संस्थाको बाह्य मूल्याङ्कन तथा गुणस्तर प्रत्यायनको प्रणाली विकास गर्न सक्ने उहाँले बताउनुभयो।

त्यस्तै, सिडिसीलाई रोग निगरानी, महामारी तयारी तथा आकस्मिक प्रतिकार्यमा सङ्घीय तहको प्राविधिक नेतृत्व गर्ने संरचनाका रूपमा विकास गर्न सकिने मन्त्री मेहताको भनाइ थियो।


### विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- **विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,**
- **विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,**
- **विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,**
- **भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं / नगराऔं,**
- **व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चार माध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।**

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।**

नेपाल सरकार,
विज्ञापन बोर्ड

# आन्तरिक रोजगारी सिर्जना सरकारको प्राथमिकता

प्रत्यूष समाचारदाता

सुनसरी । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले आन्तरिक रोजगारीलाई उच्च प्राथमिकतामा राख्दै सरकारले सीप विकास र रोजगारीको दिगो तथा बलियो वातावरण निर्माण गरिरहेको बताउनुभएको छ । इटहरीमा बुधबारदेखि सुरु भएको सीप तथा रोजगार मेला २०८३ को उद्घाटन समारोहमा उहाँले युवालाई सीप, रोजगारी र तालिमका अवसरसँग जोड्न मेला आयोजना गरिएको बताउनुभयो ।

तालिम लिने युवाले प्रमाणपत्र प्राप्त गर्ने उद्देश्य मात्र नराखी सिकाइ, क्षमता विकास र स्वरोजगारलाई केन्द्रमा राखेर अघि बढ्नुपर्नेमा मन्त्री यादवले जोड दिनुभयो । तालिमबाट प्राप्त सीपले रोजगारीको बाटो खोल्यो कि खोलेन तथा रोजगारीबाट जीवनयापन गर्न पुग्ने पारिश्रमिक र उन्नतिको अवसर प्राप्त भयो कि भएन भन्ने विषयलाई सरकारले महत्वका साथ हेर्नुपर्ने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, “शिक्षा, रोजगारी वा तालिममा संलग्न नभएका युवाको सङ्ख्या घटाउन सरकारले विशेष ध्यान दिनुपर्ने आजको आवश्यकता हो । हरेक युवालाई सिक्ने, अघि बढ्ने र आफ्नो क्षमता प्रयोग गर्ने अवसर दिनुपर्छ ।” देशका लागि श्रम र पसिना बगाउने प्रत्येक नागरिकले आफ्नै भूमिमा सम्मान पूर्वक बाँच्न पाउनुपर्ने बताउँदै मन्त्री यादवले युवाको सीप, श्रम र सपनालाई अवसरसँग जोड्न रोजगार मेला महत्वपूर्ण भएको धारणा राख्नुभयो ।

# विकास निर्माणमा देखिएका समस्या समाधान गर्न कानुन संशोधन गर्दै सरकार

काठमाडौँ । सरकारले विकास निर्माणमा देखिएका समस्या समाधानका लागि कानुनमा आवश्यक संशोधनको तयारी गरिरहेको जनाएको छ ।

बुधबार सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री वालेन्द्र शाह सँग सङ्घीय संसद् प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने प्राविधिक पृष्ठभूमिका सांसदहरूले बुधबार गर्नुभएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले निजी क्षेत्र र व्यवसायमैत्री वातावरण निर्माणका लागि कानुन संशोधनको काम भइरहेको बताउनुभयो ।

“प्रधानमन्त्रीज्यूको सोच नै निजी क्षेत्रमैत्री र व्यवसायमैत्री वातावरण निर्माण गर्ने हो”, मन्त्री लम्सालले भन्नुभयो, “हामीले हालै फोहोर व्यवस्थापनको क्षेत्रमा पनि यसको अभ्यास गरेका छौँ । फोहोर व्यवस्थापनलाई व्यवसायका रूपमा विकास गर्नुपर्छ भन्ने सोचका साथ काम अघि बढाएका छौँ । फोहोर व्यवस्थापन पनि एउटा उद्योगका रूपमा विकास हुन सक्छ । त्यसैले यसमा पनि पूर्ण रूपमा व्यवसायुखी दृष्टिकोण आवश्यक छ ।”

मन्त्री लम्सालले उद्योगले भोगेका समस्या समाधानका लागि पनि काम भइरहेको बताउनुभयो । “एक ठाउँमा चुनढुङ्गा खानी र अर्को ठाउँमा सिमेन्ट उद्योग हुनसक्छ, यसले सिमेन्ट उद्योगको लागत बढाउँछ । अहिले रु ६० को कोइला ल्याउँदा त्यसको ढुवानीमा एक हजार १०० रुपैयाँसम्म खर्च हुने अवस्था छ । त्यसैले सिमेन्टको लागत घटाउन ढुवानी लागत घटाउनु आवश्यक छ ।”

मन्त्री लम्सालका अनुसार सरकारले उद्योगका लागि आवश्यक कच्चा पदार्थ ढुवानीमा प्रयोग हुने आवश्यक साधन तथा सवारी साधनको भन्सारलाई शून्य बनाउने र उद्योगका लागि आवश्यक कच्चा पदार्थ जहाँ उपलब्ध छ, त्यसको सम्भव भएसम्म नजिकै उद्योग स्थापना गर्न सक्ने गरी योजना व्यवस्थाका लागि काम भइरहेको छ । कच्चा पदार्थ उपलब्ध हुने ठाउँमै सम्भव भएसम्म उद्योग स्थापना गर्न सकियो भने उत्पादन लागत घटाउन सकिने उहाँको भनाइ थियो । छलफलका क्रममा सांसद सागर ढकालले सडक लगायतका पूर्वाधार निर्माणमा तीन वटा सिफ्टमा २४ सै घण्टा काम गर्न आवश्यक रहेको बताउनुभयो । साथै नेपालका लागि कफीखेती राम्रो सम्भावना भएको क्षेत्र भएकाले कफी उत्पादन र निर्यात बढाउन कानुन संशोधन गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद आशीष गजुरेलले सार्वजनिक यातायातलाई सार्वजनिक-निजी साझेदारी (पिपिए) मोडलमा लैजान सुझाव दिनुभयो । साथै ‘स्मार्ट ट्रान्सपोर्टेसन’ को अवधारणामा ‘जिरो ट्राफिक’ बनाउने दिशामा अघि बढ्न र निजी लगानीलाई प्रोत्साहन पनि आवश्यक रहेको उहाँको भनाइ छ । सांसद श्रीराम न्यौपानेले विकास निर्माणका काम २४ सै घण्टा गर्न व्यवस्था गर्न सके मात्रै पुँजीगत खर्च बढाउन सकिने धारणा राख्नुभयो ।

सांसद् धर्मराज केसीले जलवायु परिवर्तनका सम्बन्धमा कानुन निर्माण गर्नुपर्ने बताउनुभयो ।

डा राम लामाले इन्जिनियरको तलब र सेवा सुविधा बढाउन सकियो भने दक्ष जनशक्ति विदेशिनबाट रोक्न सकिने बताउनुभयो ।

सांसद तपेश्वर यादवले तराईमा इन्जिनियरिङ कलेज स्थापनाका लागि सरकारले गरेको तयारीको प्रशंसा गर्नुभयो । यसले इन्जिनियरिङ अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूको सङ्ख्यामा कमी आउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सांसदहरू जगदीश खरेल, उज्ज्वलकुमार झा, अरविन्द शाह, धर्मराज केसी, सुशील खड्काले पनि समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभएको थियो ।

# राष्ट्रिय विधि विज्ञान प्रयोगशालासम्बन्धी विधेयक पारित

काठमाडौँ । असोजः प्रतिनिधि सभाबाट ‘राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८३’ पारित भएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले राख्नुभएको राष्ट्रियसभामा उत्पत्ति भएको ‘राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८३ लाई पारित गरियोस्’ भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको हो ।

उक्त प्रस्ताव प्रस्तुत गर्दै मन्त्री पुनले डिएनए परीक्षणलाई तीव्र र प्रभावकारी बनाउन तथा प्रदेशस्तरमा विस्तार गर्न विधेयक ल्याउन विधेयक ल्याउनुपरेको बताउनुभयो । विधेयकमा तथ्याङ्क अनधिकृत रूपमा बाहिर नजाने गरी सुनिश्चित गर्ने प्रावधान राखिएको उहाँले जानकारी दिनुभयो ।

यसका साथै मन्त्री पुनले विधेयकमा सांसदहरूले यसअघि शब्द-शब्द केलाएर छलफल गर्नुभएको जानकारी गराउनुभयो । यसअघि उक्त प्रस्तावमाथिको छलफल सांसदहरू शोभा खनाल, बसुमाया तामाङ, मञ्जु भुसाल, गङ्गालक्ष्मी अवाल, सुशीला ढकाल आचार्य, टेकबहादुर शाक्य, प्रमिला कुलुङ, हरिमोहन भण्डारी, जनकसिंह धामी, पुकार बम, नीता घतानी, एशुदाकुमारी बराल, गुरुप्रसाद बराल, गणेशबहादुर विश्वकर्मा, साजिदा खातुन सिद्धिकी र लेखजङ्ग थापाले भाग लिँदै आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही असोज १५ गते बिहान ११:०० बजे बस्नेछ ।

# लोककल्याणकारी विज्ञापनको दर निर्धारण वैज्ञानिक र विधिसम्मत गरिएको भनाइ

काठमाडौँ । सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले पत्रपत्रिकालाई उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनको दर निर्धारण वैज्ञानिक, वस्तुनिष्ठ र विधिसम्मत आधारमा गरिएको स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबार को बैठकमा सांसदहरूले विभिन्न समयमा उठाएका प्रश्नको जवाफ दिँदै उहाँले लोककल्याणकारी विज्ञापनको दर निर्धारण गर्दा विद्यमान दररेट, पत्रपत्रिकाको वर्गीकरण, विज्ञापन प्रकाशनको सङ्ख्या तथा महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन लाई आधार बनाइएको बताउनुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाका अनुसार पत्रपत्रिकामा लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत हाल कायम रहेको राष्ट्रियस्तरको ‘क’ वर्गको मासिक रु ३५ हजार २०० दरलाई आधार दरका रूपमा लिइएको छ । यसअघि कायम रहेको रु ३५ हजार २१९ को दरलाई रु ३५ हजार २०० कायम गरी अनुपातमा रहेको असमानतालाई सच्याउँदै २० प्रतिशतको अनुपात कायम गरिएको उहाँले सदनलाई जानकारी दिनुभयो । उहाँले पत्रपत्रिका वितरण सम्परीक्षण मापदण्ड, २०६६ (परिमार्जित-२०७९) को दफा ४१ मा रहेको समकक्षता निर्धारण सम्बन्धी व्यवस्थासमेत कार्यान्वयन गरिएको बताउनुभयो । सो व्यवस्थाअनुसार राष्ट्रिय, प्रदेश र स्थानीयस्तरका पत्रपत्रिकालाई सम्बन्धित वर्गका आधारमा समकक्षता कायम गरिएको उहाँले स्पष्ट पार्नुभयो ।

त्यस्तै, महालेखा परीक्षक को कार्यालयको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण प्रतिवेदनको दफा १०.३ मा पत्रपत्रिकाको वर्गीकरण प्रेस काउन्सिल नेपालको वर्गीकरण अनुसार सङ्घ (राष्ट्रिय), प्रदेश तथा स्थानीय ‘क’, ‘ख’, ‘ग’ र ‘घ’ वर्गमा गरिएको उल्लेख गर्नुहुँदै सञ्चार मन्त्री डा तिमिल्सिनाले विज्ञापन बापतको रकम भुक्तानी पनि सोही वर्गीकरणअनुसार गर्नुपर्ने सुझाव कार्यान्वयन गरिएको बताउनुभयो । महालेखापरीक्षकको कार्यालयले आफ्नै प्रतिवेदनमा यसअघि सैद्धान्तिक बेरुजुका रूपमा समेत देखाएकोमा त्यसलाई सम्परीक्षण नगरे आगामी वर्षहरूमा त्यस्तो बेरुजु गणतीय रूपमा देखिने स्पष्ट पार्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाका अनुसार लोक कल्याणकारी विज्ञापन प्रकाशनको सङ्ख्यालाई पनि दर निर्धारणको आधार बनाइएको छ । हालको व्यवस्थाअनुसार दैनिक पत्रिकाले १० वटा, अर्धसाप्ताहिकले सातवटा, साप्ताहिकले चारवटा र मासिक पत्रिकाले एउटा लोक कल्याणकारी विज्ञापन प्रकाशन गर्ने व्यवस्था लाई आधार मानी मासिक दररेट कायम गरिएको छ । त्यस्तै, कार्यविधिमा रहेको पाक्षिक, मासिक र द्वैमासिक प्रकाशनलाई एउटै आधार मानी फरक-फरक मासिक दररेट कायम गर्ने व्यवस्थालाई पनि दर निर्धारणमा समेटिएको उहाँले जानकारी समेत दिनुभयो । लोककल्याणकारी विज्ञापनको रकमलाई विधिसम्मत बनाउने क्रममा केही पत्रिकाको रकम घटेको र केहीको बढेको हुनसक्ने उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिना ले यो प्रक्रिया कुनै निश्चित पत्रिकालाई लक्षित गरेर नभई प्रचलित कानुन, वर्गीकरण र लेखापरीक्षणबाट औँल्याइएका विषयलाई सम्बोधन गर्ने उद्देश्यले अघि बढाइएको बताउनुभयो । लोककल्याणकारी विज्ञापनको रकमलाई विधिसम्मत बनाउँदा अभिव्यक्ति स्वतन्त्रता, नागरिकको सूचनाको हकलगायतका संवैधानिक अधिकार खुम्चिने भन्ने तर्कमा कुनै सत्यता नरहेको उहाँले स्पष्ट पार्नुभयो । लोककल्याणकारी विज्ञापनको दरसम्बन्धी नयाँ व्यवस्थाप्रति नेपाल पत्रकार महासङ्घलगायतका संस्थाले विरोध जनाउँदै आएका छन् । सोही विषयमा प्रतिनिधिसभामा समेत प्रश्न उठेपछि सञ्चारमन्त्री डा तिमिल्सिनाले दर निर्धारणका आधार र प्रक्रियाबारे प्रष्ट्याउनुभयो ।

# संविधानको रक्षाका लागि परिवर्तनकारी शक्तिबीच एकता आवश्यकता छ : संयोजक दाहाल

वीरगञ्ज । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले संविधानको रक्षाको निम्ति परिवर्तनकारी शक्तिहरूबीच एकताको लागि आवश्यकता औँल्याउनुभएको छ ।

नेकपा, पर्सा जिल्लाले यहाँ बुधबार आयोजना गरेको ‘पार्टी एकता समायोजन, शपथ ग्रहण तथा प्रशिक्षण’ कार्यक्रममा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, सार्वभौम-सत्ता, सङ्घीय शासन व्यवस्था, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक प्रणालीलगायत प्राप्त संवैधानिक अधिकारको रक्षा गर्नुपर्नेमा जोड दिनुभयो ।

पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, “अहिलेको राजनीतिक परिस्थिति अलिक असहज र असाधारण छ, संविधानको मौलिक हक, स्वतन्त्र न्यायपालिका, सामाजिक न्याय, दलित, महिला, मधेसी तथा उत्पीडित समुदायको अधिकार कटौती हुने खतरा दिन प्रतिदिन बढ्दै गएको छ, यो सबै यतिकै आएको होइन, जोगाउनकै लागि पनि परिवर्तनकारी शक्ति एक ठाउँमा आउनै पर्छ ।” उहाँले आफ्नो पार्टीले जनताको निम्ति गरेका कामको बारेमा जनतालाई नै बुझाउन नसकेको स्वीकार गर्नुभयो । मुलुकको निम्ति फेरि एक पटक कम्युनिष्ट पार्टीबीच कार्यगत एकता गर्दै एकीकृत हुनुपर्ने बेला आएको उहाँको भनाइ छ ।

पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सामाजिक न्याय र समानतामा आधारित समाजवादको निम्ति कम्युनिष्ट बीचको एकताको आवश्यकता औँल्याउनुभयो ।

सो क्रममा उहाँले आगामी स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टी पहिलो हुने गरी लाग्न नेता तथा कार्यकर्तालाई अपिल गर्नुभयो । नेता मातृका यादवले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको निम्ति काम गर्ने गरी एकजुट हुन नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

# क्यान्सर अस्पतालमा रेडियोथेरापी सेवा पुनःसञ्चालन

नेपालगञ्ज । करिब छ महिनादेखि बन्द रहेको बाँकेको खजुरा गाउँपालिका-४ स्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल को रेडियोथेरापी सेवा पुनः सञ्चालनमा आएको छ । अस्पताल मा जडान गरिएका लिनियर एक्सिलेरेटर (लिन्याक) र ब्रेकिथेरापी मेसिन मर्मतपछि सञ्चालन गरिएकाकारण क्यान्सरका बिरामीले लामो समयदेखि भोग्दै आएको उपचारसम्बन्धी समस्या कम भएको छ ।

क्यान्सर उपचारका लागि आवश्यकपर्ने रेडियोथेरापी सेवा बन्द हुँदा धेरै बिरामीलाई अन्य अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता थियो । बिग्रिएका उपकरण मर्मतगरी सेवा पुनःसञ्चालन गरिएपछि अस्पतालबाटै नियमित रूपमा रेडियोथेरापी उपचार लिन सकिने अस्पताल प्रशासनले जनाएको छ । अस्पतालका सूचना अधिकारी डा प्रवीणकुमार गुप्ताका अनुसार लामो समयदेखि सञ्चालन मा आउन नसकेका लिन्याक र ब्रेकिथेरापी मेसिनको आवश्यक मर्मतपछि यसै सातादेखि दुवै उपकरण सञ्चालनमा ल्याइएको हो । “क्यान्सर उपचारमा रेडियोथेरापी महत्वपूर्ण उपचार विधि हो । उपकरणमा आएको प्राविधिक समस्याका कारण लामो समय सेवा प्रभावित भए पनि मर्मतपछि अहिले सेवा पुनः सञ्चालनमा आएको छ”, उहाँले बताउनुभयो । लिन्याक नामक उपकरणले क्यान्सर प्रभावित भागमा आवश्यकमात्रामा विकिरण केन्द्रित गरी उपचार गर्न सहयोग गर्छ । त्यसबाट शरीरको प्रभावित भागमा लक्षित रूपमा विकिरण दिइने भएकाले क्यान्सर उपचारमा त्यसको महत्वपूर्ण भूमिका हुन्छ । त्यस्तै ब्रेकिथेरापीमा पनि प्रभावित स्थानको नजिकै विकिरणका स्रोत राखेर उपचार गरिने डा गुप्ताले बताउनुभयो । दुवै प्रविधि क्यान्सरका विभिन्न अवस्थाका बिरामीको उपचारमा प्रयोग हुने भएकाले उपकरण सञ्चालनमा आउनुलाई अस्पतालले महत्वपूर्ण उपलब्धिका रूपमा लिएको अस्पतालका निर्देशक डा नीरज भट्टराईले बताउनुभयो । उहाँका अनुसार, रेडियोथेरापीका दुवै उपकरण सञ्चालनमा आएपछि बिरामीलाई अन्य अस्पतालमा जानुपर्ने अवस्था धेरै हदसम्म अन्त्य भएको छ । उक्त अस्पताल पछिल्लो समय पश्चिम नेपालका क्यान्सर बिरामीका लागि उपचारको महत्वपूर्ण केन्द्रका रूपमा रहेको छ । अस्पतालमा रेडियोथेरापीबाहेक किमोथेरापी, क्यान्सरसम्बन्धी शल्यक्रिया, सिटीस्क्यान, म्यामोग्राफी तथा भिडियो एक्सरे लगायतका सेवा उपलब्ध छन् । क्यान्सर उपचारका क्रममा गम्भीर अवस्थामा पुगेका बिरामीको उपचारलाई ध्यानमा राखेर अस्पतालमा सघन उपचार कक्ष, भेन्टिलेटर तथा बिरामीको निरन्तर निगरानीको व्यवस्था रहेको अस्पतालले जनाएको छ । प्रकारका परीक्षण तथा उपचार सेवा एउटै अस्पतालबाट उपलब्ध हुन थालेपछि बाँकेसहित पश्चिम नेपालका अन्य जिल्लाका बिरामी लाई उपचारमा सहजता भएको अस्पतालको भनाइ छ । रेडियोथेरापी सेवा लामो समय बन्द हुँदा उपचारका लागि अस्पतालमा आउने बिरामीलाई थप खर्च, समय र आवतजावतको समस्या हुने गरेको थियो ।

# बजेट तथा कार्यक्रम कार्यान्वयनलाई गति दिन निर्देशन

काठमाडौँ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले चालु आर्थिक वर्ष सुरु भएको साढे दुई महिना बितिसक्दा पनि मन्त्रालयको वित्तीय प्रगति अपेक्षा न्यून रहेको भन्दै बजेट तथा कार्यक्रम कार्यान्वयनलाई गति दिन मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा बुधबार आयोजित समीक्षा बैठकमा मन्त्री श्रेष्ठले आर्थिक वर्षको अन्तिम समयमा मात्रै बजेट खर्च गर्ने परम्परागत शैली अन्त्य गरी सुरुदेखि नै योजनाबद्ध रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

उहाँले बजेट कार्यान्वयनका लागि स्पष्ट कार्यतालिका बनाएर अघि बढ्न र निर्धारित समयमै ठेक्का आह्वान तथा सम्झौता गरी आयोजना कार्यान्वयनमा लैजान निर्देशन दिनुभयो ।

“व्यक्तिले होइन, प्रणालीले काम गर्ने वातावरण बनाउनुपर्छ,” मन्त्री श्रेष्ठले भन्नुभयो, “निर्णय गरेर मात्रै पुग्दैन, त्यसको प्रभावकारी कार्यान्वयनमा समेत मन्त्रालय र मातहतका निकायको ध्यान जानुपर्छ ।” उहाँले आर्थिक अनियमितता गर्नु मात्र अख्तियारको दुरुपयोग नभई आफ्नो जिम्मेवारी र दायित्व समयमा पूरा नगर्नु पनि जवाफ देहिताको विषय भएको बताउनुभयो। राजनीतिक नेतृत्वसँगै कर्मचारी संयन्त्र पनि जनताप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

मन्त्री श्रेष्ठले मन्त्रालय, विभाग तथा मातहतका निकाय बीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै सरकार गठन भएको करिब छ महिनाको अवधिमा भएका कामको समीक्षा गरी आगामी कार्यदिशा र रणनीति तय गर्न निर्देशन दिनुभयो । उहाँले सुशासन तथा शासकीय सुधारलाई प्रभावकारी बनाउन आवश्यक ठाउँमा दण्ड र जरिवाना को व्यवस्था गर्नुपर्ने बताउनुभयो । पछिल्लो एक महिना सरकार विपत्तिसँग जुध्न केन्द्रित हुनुपरेको उल्लेख गर्दै अब जनअपेक्षाअनुसार सिर्जनात्मक र नवीन कामलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।

“विकासले गति लिन खोज्दा नियतिले फेरि हामीलाई पुरानै ठाउँमा फर्काउन खोजेको अवस्था छ,” उहाँले भन्नुभयो, “अब भएका क्षतिको पुनःरुत्थान र विकासलाई अघि बढाउन रिकभरी प्लान बनाएर काम गर्नुपर्छ ।”

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव डा जगदीश्वर कर्माचार्यले विकास निर्माणलाई प्राथमिकतामा राख्दै आयोजना कार्यान्वयनमा सम्पूर्ण मन्त्रालय संयन्त्र परिचालन हुनुपर्ने समेत बताउनुभयो। मन्त्रालयको पुँजीगत खर्चको अवस्था न्यून रहेको उल्लेख गर्दै आगामी दिनमा वित्तीय प्रगति सुधार गर्न सम्बन्धित महाशाखा तथा निकायलाई सक्रिय बनाउनु पर्ने उहाँको भनाइ थियो । बैठकमा मन्त्रालयको हालसम्मको वित्तीय प्रगति तीन दशमलव ०८ प्रतिशत रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो। समीक्षा क्रममा मन्त्रालयले चालु आर्थिक वर्षमा गरेका नीतिगत तथा कानुनी कामको प्रगति पनि प्रस्तुत गरिएको थियो । जलस्रोत र नवीकरणीय ऊर्जासम्बन्धी दुई विधेयक मन्त्रिपरिषद्मा पेस गरिएको, विभिन्न ७६ विषयमा कानुनी राय प्रदान गरिएको र १२ वटा विषयमा जरिवानासम्बन्धी कारबाही गरिएको जानकारी दिइयो ।

सो अवसरमा बूढीगण्डकी विकास प्राधिकरण गठनसम्बन्धी अवधारणाको मस्यौदा तयार गरिएको, विद्युत् नियमावली तथा विद्युत् व्यापार नियमावलीको मस्यौदा अघि बढाइएको, ऊर्जा विधेयकको तयारी तथा विद्युत् र ऊर्जा नीतिको मस्यौदा निर्माण गरिएको बैठकमा जानकारी गराइयो ।

विद्युत् व्यापारमा निजी क्षेत्रलाई आशयपत्र (एलओआई) दिने तयारी, सुरुङ तथा भूमिगत संरचनाको सुरक्षासम्बन्धी अध्ययन र प्रसारण लाइन निर्माण तथा सञ्चालनमा निजी क्षेत्रहरुको सहभागिता गराउने विषयमा भइरहेको आन्तरिक तयारीलगायत विषयमा पनि बैठकमा प्रगति विवरण प्रस्तुत गरिएको थियो ।

# अख्तियारद्वारा आठ जनामाथि मुद्दा दायर

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुख राजीव रिमालसहित आठ जनाले गैरकानुनी लाभ वा हानि गरेको भन्दै आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगले अदानचुली गाउँपालिकाको कुकुर फाल्ना छहराखेतदेखि मुगु, सोरू गाउँ पालिका-३ भिईसम्म बत्ती निर्माणका लागि विनियोजित रकमको काम नगरी रु नौ लाख २६ हजार रकम हिनामिना गरेर गैरकानुनी लाभ वा हानि गरेको भन्दै उनीहरुविरुद्ध मुद्दा दायर गरेको हो ।

आयोगले खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुख रिमाल, तत्कालीन सब-इन्जिनियर विश्वराज भण्डारी र तत्कालीन लेखापाल रूनबहादुर सेजुवाल, सोरू गाउँ पालिका-३ का तत्कालीन वडाध्यक्ष लालु धामी तथा गल्फागाढ छहराखेत जलविद्युत् आयोजना उपभोक्ता समितिका अध्यक्ष प्रदीप बुढा, सो आयोजनाको उपभोक्ता समितिका उपाध्यक्ष भीमचन्द्र बुढा, समितिका सचिव धनराज बुमी र समितिका कोषाध्यक्ष लक्ष्मी धामीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु नौ लाख २६ हजार कायम गरेर मुद्दा दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले संचारकर्मीहरुलाई जानकारी दिनुभयो ।

# कास्य पदक दिलाएको महिला कबड्डी टोली स्वदेश फिर्ता

काठमाडौँ । जापानमा भएको २०औँ एसियाली खेलकुद प्रतियोगितामा नेपाललाई कास्य पदक दिलाउने नेपाली राष्ट्रिय महिला कबड्डी टोली बुधबार स्वदेश फर्किएको छ ।

सो क्रममा मानमती विष्टको कप्तानीमा रहेको नेपाली महिला कबड्डी टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रामचरित्र मेहता, शिक्षा तथा खेलकुदमन्त्रीका प्रमुख सल्लाहकार सिद्धि व्यञ्जनकार, राखेप सदस्यहरु सिक्का सुवाल श्रेष्ठ, ललिता नाथ, मोनालिसा खम्बुलगायतले त्रिभुवन विमानस्थलमा स्वागत गर्नुभयो ।

एसियाडमा समूह ‘बी’ मा रहेको नेपालले सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो ।

जापानको तोकाइ सिटिजन व्यायामशालामा भएको सेमिफाइनल खेलमा भारतसँग पराजित भएसँगै नेपालले कास्य पदक प्राप्त गरेको थियो। सेमिफाइनल खेलमा भारतसँग नेपाल ४८-२४ अङ्कले पराजित भएको हो। त्यसअघि नेपालले समूह चरणको खेलमा थाइल्यान्डलाई हराएको थियो भने चाइनिज ताइपेइसँग पराजित भएको थियो ।

त्यसपछि अन्तिम खेलमा श्रीलङ्कालाई हराएर नेपाल सेमि फाइनलमा समेत पुगेको थियो । यसअघि चीनको हाङ्झाउमा भएको १९औँ उक्त एसियाली खेलकुद प्रतियोगितामा समेत नेपाली महिला कबड्डी टोलीले कास्य पदक प्राप्त गरेको थियो ।

# उपत्यकाका तीन जिल्लामा ‘इन्डक्सन’ चुलो बाल्दा तीन हजार मेगावाट विद्युत् आवश्यक

काठमाडौँ । उपत्यकाका तीन जिल्लामा दैनिक दुई घण्टा विद्युत् खपत हुँदा तीन हजार मेघावाट विद्युत् आवश्यक पर्ने देखिएको छ । उपत्यकावासीले इन्डक्सन चुलोमा खाना पकाउँदा उक्त विद्युत् खपत हुने तथ्य उल्लेख गरिएको हो ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नारायण अधिकारीले काठमाडौँमा आयोजित जलवायु सम्बन्धी सम्मेलनमा सो धारणा राख्नुभएको हो । विकास, आर्थिक मामिला तथा सुशासन समितिको संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्बन्धी सम्मेलन (कोप ३१) को सम्बन्धमा आयोजित छलफलमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका गतिविधि प्रकाश पार्दै उहाँले आगामी तीन वर्षमा तराईका १५० स्थानीय तहका १० लाख घरधुरीमा स्वच्छ चुलो पुऱ्याउने लक्ष्य रहेको जानकारी दिनुभयो । हरित जलवायु कोष (जिसिएफ)को सहयोगमा हालसम्म करिब एक लाख स्वच्छ चुलो वितरण भइसकेको छ भने थप दुई लाख चुलो वितरणका लागि बोलपत्र प्रक्रिया अघि बढेको छ ।

स्थानीय तहमा ऊर्जा योजना निर्माण तथा कार्यान्वयनका लागि ‘म्युनिसिपल इनर्जी प्लान’ मार्फत पहाडी जिल्लामा बायोग्यास, सुधारिएको तथा विद्युतीय चुलो लगायतका प्रविधिको प्रवर्द्धन भइरहेको छ। खनिज इन्धनको प्रयोग घटाउन ‘फ्युल स्विचिङ’ कार्यक्रम अन्तर्गत विद्युतीय जैविक ऊर्जाबाट चल्ने बर्नरको नमूना परियोजना, दुर्गम क्षेत्रमा ‘लास्ट माइल इलेक्ट्रिफिकेसन’का लागि कर्णाली, सुदूरपश्चिम तथा पूर्वी पहाडी जिल्लाका विद्युतीयकरणबाट वञ्चित घरधुरीलाई विद्युत् पहुँचमा ल्याउन नवीकरणीय ऊर्जा अनुदान नीति अनुसार बित्तिय सहायता केएफडब्ल्यू, एसियाली विकास बैंक तथा विश्व बैंकबाट उपलब्ध भइरहेका छन् । परियोजनाका लागि केन्द्र सरकारले ९० प्रतिशत र स्थानीय तहले १० प्रतिशत वित्तीय योगदान गर्ने गरी कार्यक्रम अगाडि बढेको छ । फोहोरबाट ऊर्जा उत्पादनको क्षेत्रमा थप काम भइरहेका छन् । हाल १९ स्थानीय तहमा प्रतिदिन करिब एक हजार टन क्षमतासम्म फोहोर व्यवस्थापन तथा बायोग्यास उत्पादनसम्बन्धी कार्यक्रम सञ्चालन भएका छन्। जिसिएफमा करिब पाँच करोड अमेरिकी डलरको परियोजना का लागि पूर्ण वित्तीय प्रस्ताव पेस गरिएको छ । प्रस्ताव स्वीकृति भए नेपालका १२ नगरपालिकामा प्रतिदिन करिब एक हजार १०० टन फोहोर व्यवस्थापन हुने विश्वास छ ।

# सकियो भक्तपुरको पुलुकिसी जात्रा

ख्वप (भक्तपुर) । मानव निर्मित हात्ती (किसी)लाई नगर घुमाएर आज भक्तपुरमा पुलुकिसी (इन्द्रका बाहन ऐरावत हात्ती) जात्रा मनाएको छ । जात्रा साँझ भक्तपुर नगरको लाकुलाछेँबाट सुरु भएको थियो । प्रत्येक वर्ष यही ठाउँबाट जात्रा सुरु हुने परम्परा छ ।

जात्राका क्रममा पुलुकिसी अर्थात् इन्द्रका बाहन ऐरावत हात्तीलाई नगर परिक्रमा गराइएको हो । बाँसलगायतबाट हात्तीको आकार दिई बनाइएको पुलुकिसीलाई भक्तपुर नगर परिक्रमा गराइएको हो । बाँसबाट हात्ती आकार दिई त्यसलाई हात्तीको आकृति लेखिएको सेतो कपडाले छोपेर पुलुकिसी बनाइएको हो ।

पुलुकिसीभित्र मानिस बसेर बोक्न मिल्ने गरी बनाइएको हुन्छ। त्यही पुलुकिसीलाई नगर परिक्रमा गराइ जात्रा मनाइएको हो । यो जात्रा हेर्न भक्तपुर नगरभरि उल्लासका साथ हजारौं नागरिक सहभागी भएका थिए । पुलुकिसी परिक्रमा गराइने बाटोभरि हजारौं दर्शक जात्रा हेर्न बसेका थिए । पुलुकिसीलाई ओहोरदोहोर गराइने र हेर्न रमाइलो लाग्ने स्थानीय जात्राप्रेमी कृष्ण प्रजापतिले बताउनुभयो । विशेष गरी भक्तपुर दरबार स्क्वायर, टौमढी, दत्तात्रय लगायतका चोकमा जात्रा हेर्नेको घुइँचो लागेको थियो ।

पुलुकिसी नगर परिक्रमा गराउने क्रममा एक जनाले अगाडि बसेर घण्ट बजाउनुभएको थियो । घण्ट बजाउँदै पुलुकिसी आएको सङ्केत दिँदै नगर परिक्रमा गराइएको थियो । यस क्रममा चोकचोकमा पुलुकिसीलाई ओहोर दोहोर गराइएको थियो । साथै पुलुकिसी सँग हिँडेका व्यक्तिले अगाडि छ्वाली बालेर बाटो तय गर्दै गएको दृश्य रमाइलो थियो ।

जात्रा लाकुलाछेँबाट सुरु भई राति त्यही पुगेर टुङ्गिने चलन छ । योबीचमा लाकुलाछेँबाट गाइजात्राको क्रममा नगर परिक्रमा गराउने मार्ग भई पूरै नगर परिक्रमा गराइन्छ ।

लाकुलाछेँबाट पोटरी स्क्वायर, नासमना, इटाछे, दरबार स्क्वायरको रुटमा पुलुकिसी को परिक्रमा गराइएको थियो। दरबार स्क्वायरबाट पुन बालाखु, चोछें, भोलाछें, थालाछें, सूर्यमढी हुँदै पुलुकिसीलाई दतात्रयमा ल्याइने चलन छ। त्यहाँबाट पुन इनाचो, गोल्मढी हुँदै टौमढी ल्याई लाकुलाछेमै पुगेर जात्रा सम्पन्न गर्ने चलन छ ।

पुलुकिसी बनाएर जात्रा सुरु हुने लाकुलाछेस्थित भैरवनाथ जात्रा सहयोग समितिका अध्यक्ष शिवराम किजूका अनुसार जात्राका लागि आवश्यक सबै तयारी स्थानीयले गर्ने गर्छन् । पहिलाकै जोहो गरेका सामानबाट पुलुकिसी बनाउने गरिएको उहाँले जानकारी दिनुभयो । प्रत्येक वर्ष पुलुकिसी बनाइ नगर परिक्रमा गरेपछि



आफूहरूले ती सामानलाई अर्को वर्षका लागि स्थानीय पाटीमा जोहो गरेर राख्ने गरेका उहाँले बताउनुभयो। पुलुकिसीलाई नगर परिक्रमा गराउने क्रममा पुलुकिसीको सुँडले छुवाउन नहुने जनविश्वास छ। नगर परिक्रमा गराउँदा सुँडले छोएमा बिरामी हुने वा मृत्युसम्म हुने जनविश्वास अहिले पनि कायमै छ । नगर परिक्रमा गराउने क्रममा तलातुंछी (इनार) मा पुगेपछि पानी खुवाउने चलन छ। कला संस्कृति भजन महागुथिका संस्थापक अध्यक्ष डा इन्दुल केसीका अनुसार स्वर्गका राजा इन्द्रले पृथ्वीलोकमा बन्धक बनाइएका आफना छोरा खोज्न पृथ्वीलोकमा आएर घुमेको अर्थमा यो जात्रा मनाईदै आएको छ। पारिजात फूल टिप्न पृथ्वी लोक आएका छोरालाई बन्धक बनाएपछि उहाँलाई खोजेर स्वर्गमा लैजान आफ्नो बाहन ऐरावत हात्तीलाई पृथ्वीमा घुम्न पठाएको किंवदन्ती रहेको उहाले बताउनुभयो । पुलुकिसी जात्रासँगै भक्तपुरको इन्द्रजात्रा सम्पन्न भएको छ ।

# भोटेकोशी बाढी प्रभावितका लागि निःशुल्क स्वास्थ्य सेवा

त्रिशूली (नुवाकोट) । भोटेकोशी बाढी प्रभावित नुवाकोटको विदुर नगरक्षेत्रका प्रभावित बासिन्दालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ ।





बुधबार ग्राण्डी अन्तरराष्ट्रिय अस्पताल काठमाडौंले कोरियाली उम हङ गिल ह्युमन फाउण्डेशनको सहकार्यमा विदुर नगरपालिका-७ अक्करेस्थित तुप्चे ग्रामीण सामुदायिक स्वास्थ्य इकाइमा स्थानीय बासिन्दा लाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेको हो ।

विदुर नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा आयोजित शिविरमा स्वास्थ्य परीक्षण तथा परामर्शका साथै निःशुल्क औषधि वितरण गरिएको स्वास्थ्य शाखा प्रमुख रामराजा भण्डारीले जानकारी दिनुभयो। उहाँको अनुसार शिविरमा बाढीबाट घरबाँस गुमाएर अस्थायी संरचनामा बसोबाँस गर्दै आएका १५३ जना प्रभावित बासिन्दाले सेवा लिनुभएको छ ।

ग्राण्डी अस्पतालका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ प्रा डा पदमराज पन्तको नेतृत्वको टोलीले स्त्री तथा प्रसुति सेवा प्रदान गरेको थियो । यस्तै, सोही अस्पतालको चिकित्सकसहितको टोलीले बालरोग सेवा, नाक, कान घाँटी सेवा, हाडजोर्नी सेवा र जनरल फिजिसियन सेवा प्रदान गरेको थियो ।

विदुर नगरपालिकासंगको समन्वयमा सञ्चालित शिविरमा जाँच गराएका बिरामीलाई चिकित्सकको सिफारिसमा आवश्यक औषधि उम हङ गिल ह्युमन फाउण्डेशन निःशुल्क उपलब्ध गराइएको थियो ।

भौगोलिक र विपद्का कारण स्वास्थ्य सेवाको पहुँचमा कठिनाइ भोगिरहेका समुदायलाई लक्षित गर्दै आयोजना गरिएको शिविरले स्थानीय बासिन्दालाई राहत पुगेको विदुर नगरपालिका-७ का अध्यक्ष रविन्द्र नेपालले बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com